प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा प्रशिक्षार्थी छनौट तथा भर्ना सिफारिस सम्बन्धी जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८/०३/१८)

नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरका विपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुलाई विभिन्न प्राविधिक विषयहरुमा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत प्रि-डिप्लोमा तहमा ८० जना र डिप्लोमा/प्रमाणपत्र तहमा ४८० जना गरी जम्मा ५६० कोटाहरुमा प्रादेशिक सन्तुलन कायम हुनेगरी मिति २०७७/१२/२३ गते प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सूचना अनुसार आवेदन फाराम बुझाएका उम्मेदवारहरुको पूर्व निर्धारित कार्यक्रम अनुसार प्रवेश परीक्षा मिति २०७८/०१/२५ गते सञ्चालन गर्नुपर्नेमा सोही अवधिमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि अधिकांश जिल्लाहरुमा निषेधाज्ञा (लकडाउन) जारी भएका कारण तोकिएको निर्धारित मितिमा यस परीक्षा नियन्त्रण कार्यालयले प्रवेश परीक्षा सञ्चालन गर्न नसकेको । यस आर्थिक वर्षभित्र उक्त कार्यक्रमको प्रशिक्षार्थी छनौट नहुँदा कार्यक्रम नै सञ्चालन नहुने अवस्था सिर्जना भई ५६० जना विपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरु प्राविधिक शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुने परिस्थिती सिर्जना भएकाले यस पटकका लागि मात्र रितपूर्वक आवेदन फाराम भरेका आवेदकहरुको तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्राप्ताङ्कको योग्यताक्रम अनुसार स्वीकृत कोटामा भर्नाका लागि प्रशिक्षार्थी छनौट गरी यसै आर्थिक वर्षभित्र सिफारिस गर्न परीक्षा समितिबाट मिति २०७८/०३/१० गते निर्णय भएको हुँदा यस विषम परिस्थितीमा पूर्व प्रकाशित सूचनाका कार्यक्रमहरुमा संशोधन गरी प्रशिक्षार्थीको छनौट तथा भर्ना सिफारिस गरिने व्यहोरा सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**